## नेपाल, गण्डकी प्रदेश, तनहुँ, व्यास नगरपालिका

# स्थानीय राजपत्र

## खण्ड ४, संख्याः ३, आषाढ ३१ गते, २०७७ साल

व्यास नगरपालिकाको नगर सभाले बनाएको तल लेखिए बमोजिमको ऐन स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (३) बमोजिम आम नागरिकको जानकारीका लागि प्रकाशन गरिएको छ ।


# भाग १

# व्यास नगरपालिका वातावरणीय परीक्षण ऐन, २०७७

**<u>प्रस्तावना</u>ः** स्वच्छ र स्वस्थ वातावरणमा बाँच्न पाउने नगरवासीको मौलिक अधिकारको संरक्षण गर्न, वातावरणीय प्रदूषण वा ह्रासबाट हुने क्षतिलाई न्यूनीकरण गर्न, वातावरण र विकासका बीच सन्तुलन कायम गर्नको लागि नेपालको संविधान २०७२ को धारा ५७ (४), २१४ (२), २२१ (२), २२६ (१), स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ (६) (१०२), वातावरण संरक्षण ऐन २०७६ को दफा ३ (२) (ग) बमोजिमको अधिकार प्रयोग गरी व्यास नगरपालिकाको तेत्तीसौं नगर सभाले यो ऐन बनाएको छ ।

### परिच्छेद १
### प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "व्यास नगरपालिका वातावरणीय परीक्षण ऐन, २०७७" रहने छ ।

(२) यो ऐन नगर सभाबाट पारित भई स्थानीय राजपत्रमा प्रकाशित भएका मितिदेखि लागु हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमाः

(क) "ऐन" भन्नाले वातावरण संरक्षण ऐन २०७६ र स्थानीय सरकार सञ्चालन ऐन २०७४ सम्झनुपर्छ ।

(ख) “जैविक विविधता” भन्नाले पारिस्थितीकीय प्रणाली (इको सिष्टम) को विविधता, प्रजातिय विविधता (स्पेसिज डाइवरसिटी) तथा वंशाणु विविधता (जेनेटिक डाइवरसिटी) सम्झनुपर्छ ।

(ग) “नगरपालिका” भन्नाले व्यास नगरपालिका सम्झनुपर्छ ।

(घ) “नगर कार्यपालिका” भन्नाले व्यास नगर कार्यपालिका भन्ने सम्झनुपर्छ ।

(ङ) “नगर सभा” भन्नाले व्यास नगरपालिकाको नगर सभा सम्झनुपर्छ ।

(च) “नगर प्रमुख” भन्नाले व्यास नगरपालिकाको नगर प्रमुख सम्झनुपर्छ ।

(छ) “नगर उपप्रमुख” भन्नाले व्यास नगरपालिकाको नगर उपप्रमुख सम्झनुपर्छ ।

(ज) “प्रस्ताव” भन्नाले विद्यमान वातावरणीय अवस्थामा परिवर्तन ल्याउन सक्ने किसिमको विकास कार्य, भौतिक क्रियाकलाप वा भू-उपयोगको परिवर्तन गर्ने कुनै योजना, आयोजना वा कार्यक्रम सञ्चालन गर्ने सम्बन्धमा तयार गरिएको प्रस्ताव सम्झनुपर्छ ।

(झ) “प्रस्तावक” भन्नाले प्रस्ताव स्वीकृतिको लागि निवेदन दिने वा प्रस्ताव कार्यान्वयन गर्न स्वीकृति प्राप्त व्यक्ति वा सरकारी, अर्धसरकारी वा गैरसरकारी निकाय सम्झनुपर्छ ।

(ञ) “प्रारम्भिक वातावरणीय परीक्षण” भन्नाले कुनै प्रस्तावको कार्यान्वयन गर्दा सो प्रस्तावले वातावरणमा उल्लेखनीय प्रतिकूल प्रभाव पार्ने वा नपार्ने सम्बन्धमा यकिन गर्नुको साथै त्यस्तो प्रभावलाई कुनै उपायको सम्बन्धमा विश्लेषणात्मक रुपमा गरिने अध्ययन तथा मूल्यांकन सम्झनुपर्छ ।

(ट) “प्रमुख प्रशासकीय अधिकृत” भन्नाले व्यास नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनुपर्छ ।

(ठ) “फोहोर मैला” भन्नाले वातावरणमा ह्रास आउने गरी निष्कासन गरिएको तरल, ठोस, ग्याँस, लेदो, धूवाँ, धुलो, विकिरणयुक्त पदार्थ वा त्यस्तै प्रकारका अन्य वस्तु सम्झनुपर्छ ।

(ड) “वातावरण” भन्नाले प्राकृतिक, सांस्कृतिक र सामाजिक प्रणाली, आर्थिक तथा मानवीय क्रियाकलाप, यिनका अवयवहरुको बिचको अन्तरक्रिया तथा अन्तरसम्बन्ध सम्झनुपर्छ ।

(ढ) “वातावरण अध्ययन प्रतिवेदन” भन्नाले संक्षिप्त वातावरणीय अध्ययन, प्रारम्भिक वातावरणीय परीक्षण सम्बन्धमा तयार गरिएको प्रतिवेदन सम्झनुपर्छ ।

(ण) “संक्षिप्त वातावरणीय अध्ययन” भन्नाले कुनै प्रस्तावको कार्यान्वयन गर्दा त्यसबाट वातावरणमा पर्ने प्रतिकुल प्रभाव निराकरण वा न्यूनीकरण गर्नको लागि अवलम्बन गरिने उपायको सम्बन्धमा संक्षिप्त रुपमा गरिने अध्ययन सम्झनुपर्छ ।

## परिच्छेद २
## वातावरणीय अध्ययन

३. **वातावरणीय अध्ययन गर्नुपर्ने**: व्यास नगरपालिकाको अधिकार क्षेत्रभित्र पर्ने विषयसँग सम्बन्धित विकास निर्माण सम्बन्धी कार्य, प्राकृतिक श्रोत साधनको उपयोग वा आयोजना सम्बन्धी प्रस्तावको हकमा संक्षिप्त वातावरणीय अध्ययन प्रतिवेदन वा

प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन यस ऐनको दफा १४ ले तोके बमोजिमको समितिमा पेश गर्ने गरी नगरपालिका वा सम्बन्धित निकायले प्रस्ताव माग गर्नेछ ।

४. **वातावरणीय अध्ययन प्रतिवेदन तयार गर्नुपर्ने:** (१) प्रस्तावकले तोकिए बमोजिमको प्रस्तावको वातावरणीय अध्ययन प्रतिवेदन तयार गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम तयार गरिएको वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृतिको लागि आवश्यक प्रकृया पुरा गरी नगरपालिका समक्ष पेश गर्नुपर्नेछ:

(३) उपदफा (१) र (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि यो ऐन प्रारम्भ हुँदाका बखत स्वीकृतिको लागि पेश भएका वातावरणीय अध्ययन प्रतिवेदन त्यस्तो प्रतिवेदन पेश गर्दाका बखत प्रचलनमा रहेको कानूनी व्यवस्था अनुसार स्वीकृत गर्न सकिने छ ।

(४) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि प्राचीन स्मारक सम्बन्धी कानून बमोजिम प्राचीन स्मारक मानिने सम्पदाको सोही रुपमा पुनर्निर्माण गर्दा वातावरणीय अध्ययन प्रतिवेदन आवश्यक पर्ने छैन ।

(५) प्रस्तावकले वातावरणीय अध्ययन प्रतिवेदन तयार गर्दा प्रस्तावका बारेमा सार्वजनिक सुनुवाई गर्नु पर्नेछ ।

(६) वातावरणीय अध्ययन प्रतिवेदन पेश गर्ने सम्बन्धी अन्य व्यवस्था नगरपालिकाले तोके बमोजिम हुनेछ ।

५. **विकल्पको विस्तृत विश्लेषण गर्नुपर्ने:** (१) प्रस्तावकले वातावरणीय अध्ययन प्रतिवेदनमा तयार गरिएका त्यस्तो प्रस्ताव कार्यान्वयन गर्दा वातावरणमा पर्न सक्ने प्रतिकूल प्रभाव र त्यसको न्यूनीकरणको लागि अपनाउन सकिने विभिन्न विकल्पहरुको विस्तृत विश्लेषण गरी त्यस्ता विकल्पमध्ये प्रस्ताव कार्यान्वयन गर्न उपयुक्त हुने विकल्प र सो विकल्प कार्यान्वयन गर्न सकिने आधार र कारण सहित सिफारिस गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम वातावरणीय अध्ययन प्रतिवेदन तयार गर्दा प्रस्तावकले आयोजना कार्यान्वयन गर्दा वातावरणमा पर्न सक्ने प्रारम्भिक, मध्यकालीन एवं दीर्घकालीन प्रतिकूल प्रभाव र त्यसको न्यूनीकरणको लागि अवलम्बन गर्नुपर्ने विधि तथा प्रक्रिया समेत उल्लेख गर्नु पर्नेछ ।

६. **प्रारम्भिक वातावरणीय अध्ययन गर्नुपर्ने:** (१) यस ऐन बमोजिम कुनै प्रस्तावको वातावरणीय अध्ययन प्रतिवेदन तयार गर्नुपूर्व नगरपालिकाबाट त्यस्तो प्रस्तावको संक्षिप्त वातावरणीय अध्ययन र प्रारम्भिक वातावरणीय परीक्षणको कार्यसूची स्वीकृत गरी देहाय बमोजिमका क्षेत्रहरुको प्रारम्भिक वातावरणीय परीक्षण अध्ययन गर्नु पर्नेछ:

(क) वन क्षेत्र
(ख) उद्योग क्षेत्र
(ग) खानी क्षेत्र
(घ) सडक क्षेत्र
(ङ) आवास, भवन तथा वस्ती विकास र शहरी विकास क्षेत्र
(च) जलस्रोत र उर्जा क्षेत्र
(छ) पर्यटन क्षेत्र
(ज) खानेपानी क्षेत्र
(झ) फोहोरमैला व्यवस्थापन क्षेत्र

(ञ) कृषि क्षेत्र
(ट) स्वास्थ्य क्षेत्र
(ठ) नदीजन्य प्राकृतिक श्रोत क्षेत्र ।

७. **मापदण्ड एवं गुणस्तर कायम गर्नुपर्ने:** (१) प्रस्तावकले यस ऐन बमोजिम वातावरणीय अध्ययन प्रतिवेदन तयार गर्दा नगरपालिकाले निर्धारण गरेको मापदण्ड एवं गुणस्तर कायम हुने गरी तोकिएको ढाँचामा तयार गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिमको मापदण्ड वा गुणस्तर विपरीत वा त्यस्तो मापदण्ड पालना नगरी प्रतिवेदन पेश भएमा त्यस्तो प्रतिवेदन तयार गर्ने परामर्शदाताले बढीमा पाँच वर्षसम्म वातावरणीय अध्ययन प्रतिवेदन तयार गर्न पाउने छैन ।

८. **वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृत गर्ने:** (१) दफा ४ बमोजिम कुनै प्रस्ताव कार्यान्वयन गर्ने सन्दर्भमा तयार गरिएको वातावरणीय अध्ययन प्रतिवेदन प्राप्त भएमा नगरपालिकाले सो उपर आवश्यक जाँचबुझ गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम प्राप्त वातावरणीय अध्ययन प्रतिवेदन जाँचबुझ गरी राय सुझाव दिनको लागि नगरपालिकाले आफ्नो प्रतिनिधि, प्रस्तावसँग सम्बन्धित सरोकारवाला निकायका प्रतिनिधि तथा आवश्यकता अनुसार विषय विज्ञ समेत रहेको समिति गठन गर्न सक्नेछ ।

(३) दफा (१) बमोजिम प्राप्त वातावरणीय अध्ययन प्रतिवेदन जाँचबुझ गर्दा त्यस्तो प्रस्तावको सम्बन्धमा थप वातावरणीय अध्ययन गर्नु पर्ने देखिएमा नगरपालिकाले प्रस्तावकलाई संक्षिप्त वातावरणीय अध्ययनको हकमा प्रारम्भिक वातावरणीय परीक्षण गर्न गराउन आदेश दिनुपर्नेछ ।

(४) उपदफा (३) बमोजिम दिइएको आदेश बमोजिम प्रस्तावकले थप अध्ययन गरी सोको प्रतिवेदन नगरपालिकामा पेश गर्नु पर्नेछ ।

(५) यस दफा बमोजिम जाँचबुझ गर्दा त्यस्तो प्रस्ताव कार्यान्वयनबाट वातावरणमा उल्लेखनीय प्रतिकूल प्रभाव पर्ने नदेखिएमा नगरपालिकाले आवश्यकता अनुसार प्रस्तावकले पालना गर्नुपर्ने शर्त तोकी त्यस्तो वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृत गर्नेछ ।

(६) वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृति सम्बन्धी अन्य व्यवस्था नियमावलीमा व्यवस्था भए बमोजिम हुनेछ ।

९. **प्रस्ताव कार्यान्वयन गर्न नहुने:** कसैले पनि यस ऐन बमोजिम वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृत नगराई कुनैपनि प्रस्ताव कार्यान्वयन गर्न वा गराउन हुँदैन ।

१०. **वातावरणीय व्यवस्थापन योजना:** (१) प्रस्तावकले प्रस्ताव कार्यान्वयन गर्नुअघि वातावरणीय व्यवस्थापन योजना तयार गर्नु पर्नेछ

(२) प्रस्तावकले उपदफा (१) बमोजिम वातावरणीय व्यवस्थापन योजना तयार गर्दा वातावरणीय प्रतिकुल प्रभाव न्यूनीकरणका उपायहरु मध्ये कुन-कुन उपायहरु आयोजना निर्माणको क्रममा र कुन-कुन उपायहरु आयोजना सम्पन्न भएपछि वा आयोजना कार्यान्वयनको क्रममा अवलम्बन गर्ने हो सो समेत उल्लेख गर्नु पर्नेछ ।

(३) प्रस्तावकले उपदफा (२) बमोजिम वातावरणीय व्यवस्थापन योजनामा उल्लेख गरेका वातावरणीय प्रतिकुल प्रभाव न्यूनीकरणका उपायहरु प्रभावकारी

नभएको देखिएमा नगरपालिकाले अन्य प्रभावकारी उपाय अवलम्बन गर्न आवश्यक निर्देशन दिन सक्नेछ र त्यसरी नगरपालिकाले दिएको निर्देशन कार्यान्वयन गर्दा लाग्ने खर्च सम्बन्धित प्रस्तावकले व्यहोर्नु पर्नेछ ।

(४) प्रस्तावकले उपदफा (१) बमोजिम तयार गरेको वातावरणीय व्यावस्थापन योजना कार्यान्वयनको लागी स्पष्ट कार्य योजना बनाई सो बमोजिम कार्यान्वयन गर्नु पर्नेछ र सोको प्रगति विवरण आयोजना कार्यान्वयन सुरु भएपछि प्रत्येक छ-छ महिनामा नगरपालिका समक्ष पेश गर्नु पर्नेछ ।

(५) प्रस्तावकले उपदफा (१) बमोजिम व्यवस्थापन योजना कार्यान्वयनको सम्बन्धमा वातावरणीय प्रतिकुल प्रभाव न्यूनीकरण उपाय अवलम्बन गर्दा प्रस्ताव कार्यान्वयन हुदाँ प्रभावित हुने स्थानीय समुदाय मार्फत कार्यक्रम सञ्चालन गर्ने कुरामा प्राथमिकता दिनु पर्नेछ ।

११. **<u>सेवा सुरु भएपछि वातावरणीय परीक्षण गर्ने</u>:** (१) नगरपालिकाले यस ऐन बमोजिम प्रारम्भिक वातावरणीय परीक्षण गर्नुपर्ने प्रस्तावको कार्यान्वयन सुरु गरी सेवा वा वस्तु उत्पादन वा वितरण सुरु गरेको दुई वर्ष भुक्तान भएको मितिले छ महिना भित्र त्यस्तो प्रस्तावलाई कार्यान्वयनबाट वातावरणमा परेको प्रतिकुल प्रभाव, त्यस्ता प्रभावलाई कम गर्न अपनाइएको उपाय तथा त्यस्तो उपायको प्रभावकारिता र न्यूनीकरण हुन नसकेको वा आँकलन नै नभएका प्रतिकुल प्रभाव उत्पन्न भएकोमा सो समेत विश्लेषण गरी वातावरणीय परीक्षण प्रतिवेदन अध्यावधिक गराइ राख्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम वातवरणीय परीक्षण प्रतिवेदन सम्बन्धमा नगरपालिकाले आवश्यक अध्ययन गरी वातावरणमा पर्ने प्रतिकुल प्रभावलाई न्यूनीकरण गर्न अपनाइएको उपाय पर्याप्त भएको नदेखेमा त्यस्तो प्रतिकूल प्रभाव निराकरण वा न्यूनीकरण गर्ने प्रस्तावकलाई उपयुक्त आदेश दिन सक्नेछ ।

(३) उपदफा (२) बमोजिमको नगरपालिकाले दिएको आदेश कार्यान्वयन गर्नु प्रस्तावकको कर्तव्य हुनेछ ।

१२. **<u>रोक लगाउन सक्ने</u>:** (१) कसैले यस ऐन बमोजिम वातावरणीय अध्ययन प्रतिववेदन स्वीकृत वातावरणीय अध्ययन प्रतिवेदन भन्दा विपरीत हुने गरी आयोजना कार्यान्वयन गरेमा नगरपालिकाले त्यस्तो आयोजना कार्यान्वयन गर्न तत्काल रोक लगाउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम आयोजना कार्यान्वयन गर्न रोक लगाइएकोमा त्यसरी रोक लगाइएको कारणबाट प्रस्तावकलाई कुनै क्षति पुग्न गएमा प्रस्तावकले सो बापत क्षतिपूर्तिको दाबी गर्न पाउने छैन ।

(३) उपदफा (१) मा जुनसुकै कुरा लेखएको भए तापनि कार्यान्वयनमा रोक लगाइएको आयोजनाको प्रस्तावकले यस ऐन बमोजिम वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृत गराएमा वा स्वीकृत वातारणीय अध्ययन प्रतिवेदन बमोजिम आयोजना कार्यान्वयनमा सुधार गरेमा उपदफा १ बमोजिम लगाएको रोक नगरपालिकाले फुकुवा गर्न सक्नेछ ।

१३ **<u>नगरपालिकाले वातावरणीय अध्ययन गर्न सक्ने</u>:** (१) नगरपालिका आफैंले कुनै क्षेत्र वा स्थानको नक्साङ्कन गरी सो क्षेत्रको वातावरणीय अध्ययन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको अध्ययनबाट प्राप्त विवरणको नगरपालिकाले अभिलेख राख्नु पर्नेछ ।

## परिच्छेद ३
## समितिको व्यवस्था

१४. **समिति गठन गर्न सक्ने**: (१) प्रारम्भिक वातावरणीय परीक्षण एवं व्यवस्थापन सम्बन्धी कार्यलाई प्रभावकारी रुपमा सञ्चालन गर्न देहाय बमोजिमका पदाधिकारीहरु रहने गरी सात सदस्यीय एक समिति गठन गरिने छ ।

(क) नगर प्रमुख-संयोजक

(ख) नगर उपप्रमुख -सदस्य

(ग) प्रमुख प्रशासकीय अधिकृत -सदस्य

(घ) नगर कार्यपालिकाका सदस्यहरु मध्ये दुई जना -सदस्य

(ङ) वातावरणको क्षेत्रमा विज्ञता हासिल गरेका व्यक्ति मध्येबाट नगर प्रमुखले मनोनयन गरेको एक जना सदस्य

(च) नगरपालिकाको वातावरण शाखा प्रमुख सदस्य सचिव

१५. **समितिको बैठकः** (१) समितिको बैठक वर्षमा कम्तीमा दुई पटक बस्नेछ । आवश्यकता अनुसार अन्य बैठक बस्न सक्नेछ ।

(२) समितिको सदस्य-सचिवले संयोजकसँग परामर्श गरी समितिको बैठक बस्ने मिति, समय र स्थान, बैठकमा छलफल हुने विषयसूची सहितको सूचना बैठक बस्ने समयभन्दा कम्तीमा अडचालिस घण्टा अगाडि सबै सदस्यले प्राप्त गर्ने गरी पठाउनु पर्नेछ ।

(३) कुल सदस्य सङ्ख्याको बहुमत सदस्य उपस्थित भएमा समितिको बैठकको लागि गणपूरक सङ्ख्या पुगेको मानिनेछ ।

(४) समितिको निर्णय बहुमतद्धारा हुनेछ र मत बराबर भएमा संयोजकले निर्णायक मत दिनेछ ।

(५) समितिको बैठकमा आवश्यकता अनुसार कुनै पदाधिकारी, सम्बन्धित निकाय वा सङ्घ संस्थाका प्रतिनिधि वा वातावरण विज्ञलाई आमन्त्रण गर्न सकिनेछ ।

(६) समितिको बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैंले निर्धारण गरे बमोजिम हुनेछ ।

१६. **समितिको काम, कर्तव्य र अधिकार**: समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) दीर्घकालीन नीति, योजना तथा कार्यक्रममा वातावरण सम्बन्धी विषयलाई एकीकृत रुपमा समावेश गर्दै लैजान नगरपालिका तथा अन्य निकायलाई आवश्यकता अनुसार निर्देशन दिने,

(ख) वातावरण सम्बन्धी संघीय तथा प्रदेश सरकारको नीति एवं मार्ग दर्शन समेतलाई आधारमानी नगरपालिकाको विकासको नीति तय गर्ने,

(ग) प्रारम्भिक वातावरणीय परीक्षण तथा व्यवस्थापन सम्बन्धी कार्यको अध्ययन एवं मूल्याङ्कन गर्ने ।

## परिच्छेद ४
## विविध

**१७. जरिवानाः** (१) कसैले देहायको कार्य गरे वा गराएमा नगरपालिकाले देहाय बमोजिम जरिवाना गर्नेछ ।

(क) संक्षिप्त वातावरणीय अध्यय प्रतिवेदन स्वीकृत गराउनु पर्ने प्रस्तावको हकमा त्यस्तो प्रतिवेदन स्वीकृत नगराई वा स्वीकृत प्रतिवेदनको विपरीत हुने गरी कुनै प्रस्ताव कार्यान्वयन गरेमा दुई लाख रुपैयाँ सम्म,

(ख) प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन स्वीकृत नगराई वा स्वीकृत प्रतिवेदनको विपरीत हुने गरी कुनै प्रस्ताव कार्यान्वयन गरेमा पाँच लाख रुपैयाँसम्म,

(२) कसैले उपदफा (१) बमोजिम कार्य गरेमा नगरपालिकाले त्यस्तो कार्य तुरुन्त रोकी वातावररणीय अध्ययन प्रतिवेदन स्वीकृत नगराएकोमा यस ऐन बमोजिम त्यस्तो प्रतिवेदन स्वीकृत गराउन र त्यस्तो प्रतिवेदन विपरीतको कार्य भएकोमा सो कार्यलाई सुधार गर्न आदेश दिनेछ र यसरी दिइएको आदेश बमोजिम गर्नु सम्बन्धित व्यक्ति वा संस्थाको कर्तव्य हुनेछ । यसरी दिएको आदेश बमोजिम कार्य नभएमा नगरपालिकाले उपदफा (१) बमोजिम गरिएको जरिवानाको दोब्बर जरीवाना गर्न सक्नेछ ।

(३) उपदफा (१) मा उल्लिखित विषय बाहेक कसैले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम, निर्देशिका, कार्यविधि वा मापदण्ड विपरीतका कुनै कार्य गरेमा नगरपालिकाले त्यस्तो कार्य गर्न बन्देज लगाई तीन लाख रुपैयाँसम्म जरिवाना गरी दुई महिनाभित्र यो ऐन र यस ऐन बमोजिम नगरपालिकाले तोकेको मापदण्ड बमोजिमको कार्य गर्न आदेश दिन सक्नेछ । यसरी दिएको आदेश बमोजिम कार्य नभएमा यस उपदफा बमोजिम गरिएको जरिवानाको तेब्बर जरिवाना लाग्नेछ ।

(४) उपदफा (२) वा (३) बमोजिम दिएको आदेश बमोजिमको कार्य नभएमा त्यस्तो कार्यमा बन्देज लगाइनेछ र त्यस्तो व्यक्ति वा संस्थालाई कालोसूचीमा राखी सोको जानकारी सम्बन्धित निकायमा पनि पठाइने छ ।

(५) उपदफा (४) बमोजिम कुनै निकायलाई कालोसुचीमा राखिएकोमा त्यस्तो व्यक्ति वा संस्थाले कालोसुचीमा राखिएको अवधिभर आफ्नो नाममा वा त्यस्तो व्यक्ति वा संस्थासँग सम्बन्धित जुनसुकै नाममा कुनै पनि प्रस्ताव पेश गर्न सक्ने छैन ।

(६) यस दफा बमोजिमको जरीवाना गर्नुअघि जरिवाना गर्न लागिएको व्यक्ति वा संस्था वा आयोजनालाई बढिमा सात दिन भित्र सफाइ पेश गर्ने मनासिब मौका दिनु पर्नेछ ।

**१८. पुनरावेदनः** (१) दफा १७ बमोजिम भएको जरिवाना उपर चित्त नबुझ्ने पक्षले नगरपालिकाबाट भएको जरिवाना उपर तनहुँ जिल्ला अदालतमा पैंतीस दिनभित्र पुनरावेदन गर्न सक्नेछ ।

**१९. अनुगमन तथा निरीक्षण गर्नेः** (१) यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम निदेर्शिका, कार्यविधि वा मापदण्डको कार्यान्वयन भए नभएको सम्बन्धमा दफा १४ बमोजिमको समितिले अनुगमन तथा निरीक्षण गर्नेछ ।

२०. **वार्षिक प्रतिवेदन तयार गर्नुपर्ने:** (१) नगरपालिकाले प्रत्येक वर्ष देहायका विषयहरु समावेश गरी वार्षिक प्रतिवेदन तयार गर्नु पर्नेछः

(क) दफा १९ बमोजिम गरिएको अनुगमन तथा निरीक्षणबाट प्राप्त विवरण,

(ख) प्रारम्भिक वातावरणीय निरीक्षण सम्बन्धी क्रियाकलाप विवरण,

(ग) अन्य आवश्यक विवरण ।

(२) उपदफा (१) बमोजिम वार्षिक प्रतिवेदन नगरपालिकाले प्रत्येक आर्थिक वर्ष समाप्त भएको मितिले दुई महिनाभित्र नगर कार्यपालिका समक्ष पेश गर्नु पर्नेछ ।

२१. **प्रचलित कानून बमोजिम हुने:** यस ऐनमा लेखिएको कुरामा यसै बमोजिम र अन्य विषयमा प्रचालित कानून बमोजिम हुनेछ ।

२२. **नियम बनाउन सक्ने:** यस ऐन तथा यस ऐन अन्तर्गत रही नगरपालिकाले आवश्यक नियम, कार्यविधि, मापदण्ड बनाई लागू गर्न सक्नेछ ।

२३. **खारेजी र बचाउः** (१) यस ऐनमा उल्लेखित विषय यसै बमोजिम हुनेछ । कुनै बाधा अड्चन सिर्जना भएमा नगरपालिकाले निर्णय गरे बमोजिम हुनेछ ।

(२) यस ऐनमा लेखिएका प्रावधानहरु प्रचलित नेपाल कानूनसँग बाझिएको हदसम्म यस ऐनको त्यस्तो प्रावधान निस्कृय हुने छन् ।

आज्ञाले
दिनेश राज पन्त
प्रमुख प्रशासकीय अधिकृत